मध्यान्ह
www.madhyanhadaily.com

३२ असार २०८२ बुधबार
16 July 2025, Wedneday

# कोराला नाका पूर्ण सञ्चालनमा ल्याइने



**काठमाडौं/मस–** प्रधानमन्त्री केपी शर्मा ओलीले आवश्यक संरचना र पूर्वाधार निर्माणसहित मुस्ताङको कोराला नाका पूर्ण सञ्चालनको तयारी भइरहेको बताएका छन्।

मुस्ताङबाट प्रतिनिधित्व गर्ने संघीय सांसदसहित स्थानीय तहका जनप्रतिनिधिहरूसँग सोमबार प्रधानमन्त्री निवास बालुवाटारमा भएको छलफलमा प्रधानमन्त्री ओलीले सो जानकारी दिएका हुन्।

यही असार २४ गते गोसाइँकुण्ड गाउँपालिका-२ मा आकस्मिक बाढीका कारण नेपाल-चीन जोड्ने नाका रसुवागढीस्थित भोटेकोशी नदीको मितेरी पुल बगाइ आवागमन बन्द भएकै दिन प्रधानमन्त्री ओलीले सो क्षेत्रको स्थलगत भ्रमण गरी वैकल्पिक मार्ग र नाका पूर्ण सञ्चालनका लागि सम्बन्धित मन्त्रालयलाई निर्देशन दिएका थिए।

प्रधानमन्त्री ओलीले आफूले बेनीघाट-कोराला बाटो निर्माण सुरु गरेको, भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई मुक्तिनाथको भ्रमण गराएको, मुक्तिनाथ केबलकार सञ्चालनका लागि प्रक्रिया अघि बढाएको, स्याउको सुपर जोन निर्माण र च्याङ्ग्रापालन आदि काममा प्राथमिकता दिएको पनि स्मरण गराए।

प्रधानमन्त्री ओलीसँग प्रतिनिधिमण्डलले मुस्ताङको माथिल्लो भेगका लोमान्थाङ र लो-घेकार दामोदरकुण्ड गाउँपालिका क्षेत्रमा सरकारले निषेधित क्षेत्र घोषणा गरी प्रतिविदेशी पर्यटक ५०० अमेरिकी डलर शुल्क उठाउँदा पर्यटकहरूमा कमी आएकाले पर्यटन रोयल्टीबारे पुनःविचार गर्न माग गरेको थियो।

साथै कालीगण्डकी करिडोरको कागबेनी-कोरला सडकखण्डमा कालोपत्र गर्न र आवश्यक संरचना निर्माण गरी कोरनानाका पूर्ण रूपमा सञ्चालनमा ल्याउन माग गरिएको थियो। कोराला नाकामा भन्सार, अध्यागमन, एकीकृत सुरक्षा पोष्ट, सुक्खा बन्दरगाहलगायत व्यापारिक प्रतिष्ठानका भौतिक निर्माण आवश्यक रहेको विषयमा ध्यानाकर्षण गराइएको छ। सडक र नाका पूर्ण सञ्चालन नहुँदा तथा निषेधित क्षेत्रको कार्यान्वयनका कारण माथिल्लो मुस्ताङका होटल तथा स्थानीय व्यवसायी घाटामा रहन बाध्य भएको जनप्रतिनिधिको गुनासो थियो।

प्रधानमन्त्री ओलीले ती मागहरूको सुनुवाइका लागि सम्बन्धित निकायसँग समन्वय गर्न निजी सचिवालयलाई निर्देशन दिए। केही दिनअघि प्रधानन्त्रीका निजीसचिव विनोदबहादुर कुँवरसहितको टोलीले कालीण्डकी करिडोरको स्थलगत अध्ययन भ्रमण गरी सडक र नाका सञ्चालनका लागि गर्नुपर्ने पहलका विषयमा प्रतिवेदन तयार गरेको थियो।

प्रतिनिधिमण्डलमा संघीय सांसद योगेन्द्र गौचन थकाली, लोमान्थाङ गाउँपालिकाका अध्यक्ष टासीन्हर्वु गुरुङ, लोप्साङ छोम्पेल विष्टलगायत सहभागी थिए। कागबेनी-कोरला सडकखण्ड ९७ किलोमिटर कालोपत्रका लागि ठेक्का हुन बाँकी रहेको छ भने तातोपानी खोला, दानाखोला, पाण्डाखोला, तान्बे खोलामा पुल निर्माणमा ठेक्का तोडिएकाले पुनः सुरु गर्नुपर्ने देखिएको छ।

# 'नेपालमा लगानीका लागि सुरक्षित र विश्वसनीय वातावरण आवश्यक'




**काठमाडौं/मस–**नेपाली कांग्रेसका सभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले स्वदेशी तथा विदेशी लगानीकर्ताका लागि नेपालमा ढुक्क भएर लगानी गर्न सकिने वातावरण तयार पार्नुपर्नेमा जोड दिएका छन्।

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान) को २३औं वार्षिक साधारण सभाको उद्घाटन समारोहमा सभापति देउवाले लगानीकर्तालाई सहज र आकर्षक वातावरण दिनु आवश्यक रहेको उल्लेख गरे। उनले भने, 'लगानीकर्तालाई दुःख दिने भन्ने त कुरै छैन। स्वदेशी तथा विदेशी दुवै खालका लगानीकर्ताले ढुक्क भएर नेपालमा लगानी गर्नसक्ने अवस्था बनाउनु पर्छ।'

कार्यक्रममा ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्री दीपक खड्काले नेपालको ऊर्जा क्षेत्रलाई दिगो विकासको बाटोमा अघि बढाउन सरकार दृढतापूर्वक लागिपरेको बताए। मन्त्री खड्काले आगामी १० वर्षमा २८ हजार ५०० मेगावाट विद्युत उत्पादन गर्ने लक्ष्यसहितको कार्ययोजना अनुसार काम अघि बढिसकेको जानकारी गराए।

'ट्रान्समिसन लाइन पुगेको ठाउँमा विद्युत उत्पादन गर्न दिनु पर्ने प्रधानमन्त्रीज्यूको नीति अनुरुप पिपिए भएको छ,' मन्त्री खड्काले बताए। साथै, उत्पादनका क्रममा देखिएका अवरोध हटाउन वन मन्त्रालयसँग पनि निरन्तर छलफल र समन्वय भइरहेको उनले जानकारी दिए।

ऊर्जा क्षेत्रमा निजी क्षेत्रको भूमिका महत्वपूर्ण रहेको भन्दै मन्त्री खड्काले सरकारले सुरक्षित लगानी वातावरण तयार गरेर निजी क्षेत्रलाई साझेदार बनाउन कुनै द्विविधा नरहेको स्पष्ट पारे। 'सरकार एक्लैले लगानी गर्न सक्दैन, निजी क्षेत्रको सहभागिता आवश्यक छ,' उनले भने।

पूर्व ऊर्जा मन्त्री जनार्दन शर्माले सरकारको नियत र कार्यशैलीमाथि प्रश्न उठाउँदै समयमै विद्युत खरिद सम्झौता नगरेको, लाइसेन्स कब्जा गर्ने प्रवृत्ति रोक्न नसकेको भन्दै आलोचना गरेपछि जवाफमा मन्त्री खड्काले विगत १२ वर्षमा माओवादी नेतृत्वले ऊर्जा मन्त्रालय सम्हाल्दा के काम भयो ? भन्ने प्रश्न गरे। 'विगतदेखि रोकिएका काम अहिले अघि बढेका छन्' उनले भने।

कार्यक्रममा नेपाल उद्योग व्यवसाय महासंघ (इप्पा) का अध्यक्ष गणेश कार्कीले निजी क्षेत्रको विकासका लागि सरकारको नीति तथा दृष्टिकोण निर्णायक हुने बताउँदै, 'सरकारको नारा 'सरकारको साथ, निजी क्षेत्र चालक' हुनुपर्ने हो, तर व्यवहारमा सरकारी निकायकै कारण निजी क्षेत्र विस्थापित हुने अवस्था आएको छ,' भन्ने टिप्पणी गरे। अध्यक्ष कार्कीले बजेटमा समेटिएको 'टेक एन्ड पे' प्रणाली, दुई वर्षदेखि रोकिएको सेयर निष्कासन (आईपीओ) प्रक्रिया, र राष्ट्रिय निकुञ्ज क्षेत्रमा आयोजना निर्माणमा लगाइएको प्रतिवन्ध जस्ता नीतिगत निर्णयहरूले निजी क्षेत्रको अर्बौं रुपैयाँ लगानी संकटमा परेको बताए।

उनका अनुसार हाल निजी क्षेत्रले विभिन्न चरणमा ३४ हजार ४८४ मेगावाट क्षमताका ७२५ ऊर्जा आयोजना अघि बढाइरहेका छन्। तर सर्वोच्च अदालतको एक आदेशका कारण राष्ट्रिय निकुञ्ज तथा वन क्षेत्रभित्र पर्ने करिब १९ हजार मेगावाट क्षमताका २१७ आयोजना रोकिएको छ।

# क्षति पुगेका जलविद्युत् आयोजनाबाट ९० मेगावाट सञ्चालनमा : मन्त्री खड्का



**काठमाडौं/मस–**ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले रसुवाको भोटेकोशी नदीमा आएको बाढीबाट अवरुद्ध जलविद्युत् आयोजनामध्ये करिब ९० मेगावाट क्षमता बराबरको आयोजना सञ्चालनमा ल्याउन थालिएको बताएका छन्।

राष्ट्रिय सभाको मंगलबार बसेको बैठकमा सांसदहरूको सवालको जवाफ दिँदै मन्त्री खड्काले यस बाढीबाट क्षति पुगेका चिलिमे, देवीघाट, त्रिशूली, सूर्यकुण्ड, बुद्धभूमि, अपरमौलुङलगायतका कुल ९० मेगावाट क्षमता बराबरका जलविद्युत् आयोजना सञ्चालनमा ल्याइएको जानकारी दिए।

उनले ६० मेगावाट क्षमताको त्रिशूली 'ए' जलविद्युत् आयोजना केही दिनमा नै सञ्चालन हुने जानकारी गराएका हुन्। यस्तै बढी क्षमताका आयोजनालाई चाँडो सञ्चालनमा ल्याउन काम सुरु भइसकेको मन्त्री खड्काको भनाइ थियो।

'सबैभन्दा बढी क्षति भएको १११ मेगावाट क्षमताको रसुवागढी जलविद्युत् आयोजना संरचनालाई सञ्चालनमा ल्याउन केही समय लाग्छ,' मन्त्री खड्काले भने, 'बाढीबाट उक्त आयोजनामा बढी क्षति पुगेको थियो। यसको 'हेडवर्कस'मा पूर्णरुपले क्षति पुगेको छ। यसलाई सकेसम्म चाँडो सञ्चालनमा ल्याउनेगरी काम सुरु गरिसकेका छौं।'

सभाको अघिल्लो बैठकमा मन्त्री खड्काले रसुवा बाढीबाट त्रिशूली नदी करिडोरमा सञ्चालनमा रहेका विद्युत् आयोजना र प्रसारण संरचनामा गम्भीर क्षति हुँदा त्यसबाट करिब २६० मेगावाट राष्ट्रिय प्रसारण प्रणालीमा विच्छेद रहेको जानकारी दिएका थिए।

उनले अहिले उक्त क्षेत्रमा बाढीको बहाव केही घट्दो क्रममा रहे पनि जोखिम यथावत् रहेको भन्दै सचेत रहन आग्रह गरे। विस्तृत अध्ययन तथा मूल्याङ्कन कार्य अघि बढाइएको जानकारी दिँदै मन्त्री खड्काले सावधानीका सबै उपाय अवलम्बन गरेको बताए।

# स्पेन लैजाने गिरोहमाथि छानबिन गर्न सीआईबीले बनायो समिति



**काठमाडौं/मस–**संयुक्त राष्ट्रसंघीय सम्मेलनमा सहभागी बनाएर स्पेन लैजाने गिरोहमाथि छानबिन गर्न प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले एसएसपी होविन्द्र बोगटीको नेतृत्वमा समिति बनाएको छ।

एसएसपी बोगटी नेतृत्वको समितिमा मानव बेचबिखन अनुसन्धान ब्युरोका अनुसन्धान अधिकारी पनि समावेश छन्। सोमबार गृहमन्त्री रमेश लेखकले डाकेको बैठकमा स्पेनमा भएको भनिएको मानव तस्करीका विषयमा अनुसन्धान गर्न छानबिन समिति बनाउने विषयले प्रवेश पाएको थियो। प्रधानमन्त्री केपी शर्मा ओलीको नेतृत्वको २१ सदस्यीय उच्चस्तरीय भ्रमण टोली स्पेनको सेभियामा आयोजित चौथो 'इन्टरनेसनल कन्फरेन्स अन फाइनान्सिङ फर डेभलपमेन्ट अफ युनाइटेड नेसन्स्' कार्यक्रममा सहभागी हुन १४ असारमा स्पेन प्रस्थान गरेको थियो। कार्यक्रममा भाग लिएर ओलीसहितको सरकारी टोली २० असारमा फर्किएको थियो। प्रधानमन्त्रीसहितको सरकारी टोलीकै भ्रमण आसपास दुई सातामा अस्वाभाविक रूपमा ८२ जना स्पेन पुगेको र अरू ५५ जना गन्तव्य मुलुक जान नपाई विमानस्थलबाटै फिर्ता भएकामा 'सरकारी संयन्त्र प्रयोग गरेर संगठित गिरोहले मानव तस्करी गरेको' आशंका गरिएको छ। स्पेन लगेर उतैबाट युरोपका पोर्चुगललगायत मुलुक छिराउने र त्यसबापत गिरोहले मोटो रकम असुल्ने गरेका विवरण पनि यसअघि बाहिरिएका थिए।

# देशभर छाउगोठ भत्काउन माग



**काठमाडौं/मस–** कञ्चनपुरमा छाउगोठमा सुतिरहेकी महिलाको सर्पदंशबाट ज्यान गएपछि संसद्मा छाउपडी प्रथा अन्त्य र देशभर छाउगोठ भत्काउन माग गरिएको छ। शनिबार राति कञ्चनपुरको कृष्णपुर नगरपालिका-१ निगालीमा २८ वर्षीया कमला आउजीको सुतिरहेको अवस्थामा सर्पले बाँया गालामा डसेपछि उनको मृत्यु भएको थियो। जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका डिएसपी लक्ष्मण बोहराका अनुसार अवस्था गम्भीर भएपछि उनलाई सेती प्रादेशिक अस्पताल लगिएको थियो, उपचारका क्रममा उनको मृत्यु भएको थियो।

मंगलबारको प्रतिनिधिसभा बैठकमा सांसदहरूले छाउपडी प्रथा अन्त्य गर्न सरकारको ध्यानाकर्षण गराएका छन्। सांसद पुष्पबहादुर साहले सुदूरपश्चिममा छाउपडी प्रथा अझै गहिरो समस्या बन्दै गएको भन्दै सरकारलाई प्रभावकारी कदम चाल्न आग्रह गरे।

त्यस्तै सांसद विमला सुवेदीले कञ्चनपुरको घटनाले समाजलाई लज्जित बनाएको भन्दै कर्णाली र सुदूरपश्चिममा व्याप्त छाउपडी प्रथा हटाउन र देशभरका छाउगोठ तुरुन्त भत्काउन माग गरिन्। यद्यपि स्थानीय तहहरूमा छाउपडीविरुद्ध अभियान चलाइए पनि महिनावारीका बेला छाउगोठमा सुत्ने परम्परा अझै कायम रहेको पाइएको छ। सांसदहरूले यस कुप्रथाको अन्त्यका लागि थप कडा कानुनी कार्यान्वयन र जनचेतनाको खाँचो रहेको बताएका छन्।

# एसईईमा ४ जिपिए ल्याउने विद्यार्थी सम्मानित

**वीरगन्ज/मस–**माध्यमिक शिक्षा परीक्षा(एसईई) २०८१ मा पर्सा जिल्लाबाट ४ जिपिए ल्याउन सफल ८ जना विद्यार्थीहरूलाई सम्मान गरिएको छ।



मंगलबार जिल्ला शिक्षा समितिको आयोजना तथा जिल्ला प्रशासन कार्यालय पर्साको सहआयोजनामा आयोजित कार्यक्रममा उनीहरूलाई नगद पुरस्कारसहित सम्मानित गरिएको हो। सम्मानित हुनेहरूमा सामुदायिक विद्यालय त्रिजुद्ध माविका छात्र सचिन मेहता, संस्थागत विद्यालय कादम्बरी एकेडेमीका छात्रा सिद्धी शर्मा, साक्षी यादव, छात्र यश जयसवाल र सौरभ पाण्डे तथा गौतम माविका छात्रा जोया हवारी, दिपीशा रौनियार र छात्र आरभ चौरसिया छन्।

उनीहरूलाई जिल्ला समन्वय समिति पर्साका प्रमुख अजय सर्राफ, प्रमुख जिल्ला अधिकारी गणेश अर्याल र शिक्षा विकास समन्वय इकाइ पर्साका प्रमुख हरि राउतले जनही १० हजार रुपैयाँ र कदरपत्र प्रदान गर्दै सम्मानित गरे। ४ जिपिए ल्याउन सफल विद्यार्थीका अभिभावकहरूलाई पनि दोसल्ला ओढाएर सम्मानित गरिएको थियो।

कार्यक्रममा एसईईमा उत्कृष्ट नतिजा ल्याउन सफल विद्यालयहरू त्रिजुद्ध मावि, कादम्बरी एकेडेमी र गौतम माविलाई पनि कदरपत्रसहित सम्मानित गरिएको थियो। यस्तै जिल्ला मै उत्कृष्ट केन्द्राध्यक्षका रूपमा श्री माध्यमिक विद्यालय विजयवस्ती, ठोरीका प्रधानाध्यापक नारायण लामालाई पनि नगद १० हजार र कदरपत्र प्रदान गरि सम्मान गरिएको थियो।

## शहरी...

क्षेत्रमा २२.३१ प्रतिशत बालश्रमिक हुने गरेकोमा नेपाल श्रमशक्ति सर्वेक्षण २०७४ अनुसार घटेर २०.४ प्रतिशत रहेको छ।

प्रतिवेदन अनुसार नेपालमा १० लाख ८२ हजार बाल श्रमिक देखिएको छ। जसमध्ये सबैभन्दा धेरै कोशी प्रदेशमा १९ प्रतिशत, लुम्बिनी प्रदेशमा १८ प्रतिशत, सुदुरपश्चिम र मधेश प्रदेशमा १६ प्रतिशत छन्। यस्तै कर्णाली प्रदेशमा १२ प्रतिशत, बाग्मती प्रदेशमा १० प्रतिशत र सबैभन्दा कम गण्डकीमा ९ प्रतिशत बालश्रमिक रहेको देखाएको हो।

बालश्रममा लाग्ने बालबालिका मध्ये बालिकाको संख्या धेरै छ। देशभर ५ लाख ७७ हजार बालिका बालश्रमका संलग्न रहेको र ५ लाख ४ हजार बालक संलग्न रहेको देखाएको हो।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले नेपाललाई बालश्रममुक्त राष्ट्र बनाउन सबै सरोकारवालाबीच समन्वय र सहकार्य अपरिहार्य रहेको बताए।

उनले बालश्रमसम्बन्धी नीतिहरू भूगोलअनुसारको अनुसन्धानमा आधारित भएर बनाइनुपर्नेमा जोड दिंदै बालश्रम र सामान्य बालकार्य छुट्याउन शैक्षिक, सामाजिक र कानुनी दृष्टिकोणबाट स्पष्ट व्याख्या आवश्यक रहेकोमा जोड दिए।

मन्त्रालयले २०७८ वैशाख ३० गतेको सचिवस्तरीय निर्णयअनुसार देशभरका ७५३ वटै स्थानीय तहमा कार्यरत रोजगार संयोजकहरूलाई बालश्रम निवारणसम्बन्धी सम्पर्क व्यक्तिको रूपमा तोकेको छ। यसबाट स्थानीय स्तरमा बालश्रम नियन्त्रण र न्यूनीकरणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

आर्थिक वर्ष २०८०/८१ मा मन्त्रालयले बालश्रम न्यूनीकरणसम्बन्धी विभिन्न गतिविधिहरू सञ्चालन गरेको छ। सो अवधिमा ३,७४४ वटा प्रतिष्ठानहरूको अनुगमन गरिएको थियो भने बालश्रममा संलग्न ७२ जना बालबालिकालाई उद्धारसमेत गरिएको मन्त्रालयले जनाएको छ। प्रतिवेदन अनुसार, देशका ७५३ मध्ये केवल १० वटा स्थानीय तह मात्रै बालश्रममुक्त घोषणा भएका छन्।

## विद्याले...

संयोजकत्वमा समिति घोषणा गरिएको छ। यो समितिले वर्षभर जननेता मदन भण्डारीको व्यक्तिगत चर्चा, जनताको बहुदलीय जनवाद (जबज) र एमालेको लोकतान्त्रिकरणबारे छलफल गर्ने भनिएको छ।

समिति घोषणाकै क्रममा पूर्वराष्ट्रपति भण्डारीलाई प्रतिनिधि सभा विघटनको निर्णय सदर गर्नेदेखि एमालेको राजनीतिमा फर्कदा देखिने प्रतिकुलताबारे प्रश्न राखेका थिए। प्रतिनिधि सभा विघटनको निर्णय सदरबारे संक्षेपमा जवाफ दिएकी पूर्वराष्ट्रपति भण्डारी एमाले अध्यक्ष एवं प्रधानमन्त्री केपी ओलीप्रति चाहिँ चर्को सुनिएकी थिइन्।

प्रतिनिधि सभा विघटनको निर्णय राजनीतिक पक्षमाथि बहस हुन सक्ने भनेर ओलीलाई अप्ठ्यारो पारेकी भण्डारीले एमालेमा नेतृत्वका लागि थुप्रै विकल्प रहेको बताइन्। ओलीले केही दिन अगाडि झापा पुगेर 'ओली बिनाको एमाले' संभव नरहेको बताएका थिए।

जवाफमा भण्डारीले मदन भण्डारी नहुँदा पनि एमाले चलेको बताइन्। जबजको प्रतिवादक मदनको रहस्यमय निधन हुँदा पनि सिद्धान्त, नीति र कार्यक्रमले एमाले यहाँसम्म आइपुगेको बताइन्।

सक्रिय राजनीतिमा फर्किएको घोषणा गरेकी भण्डारीले आगामी केन्द्रीय समिति बैठकबाटै आफ्नो भूमिकाको खोजी हुने सन्देश पनि दिएकी छन्।

## सत्तापक्षकै...

'संसद्मा एकसाथ अगाडि बढेका विधेयक कुनै ऐनमा रुपान्तरित भइसक्ने कुनै संसदमै अड्किने भइराखेको छ' उनले प्रश्न गरेकी छन्, 'अख्तियार विधेयक किन अगाडि बढिरहेको छैन ?'

यो विधेयक संसद्मा भने विगत ६ वर्षदेखि छ। ६ माघ २०७६ मा राष्ट्रिय सभामा विधेयक दर्ता हुँदा हालका प्रधानमन्त्री केपी शर्मा ओली प्रधानमन्त्री थिए। समयानुकूल ऐन संशोधन गर्ने भनेर प्रधानमन्त्री ओली स्वयंले संसद्मा लगेको विधेयक ६ वर्षसम्म ऐनमा रुपान्तरित हुन सकेको छैन।

२७ चैत २०७९ मा राष्ट्रिय सभाबाट पास भएर प्रतिनिधि सभामा आएको हो। त्यसपछि प्रतिनिधि सभाले सैद्धान्तिक छलफल गरेर ३१ भदौ २०८० मा यो विधेयकलाई राज्य, व्यवस्था तथा सुशासन समितिमा पठाएको थियो।

अर्थात्, प्रतिनिधि सभामा यो विधेयक आएको २७ महिना भयो। दफावार छलफलका लागि संसदीय समितिमा पुगेको २३ महिना भयो।

विद्यालय शिक्षा विधेयक पनि अपेक्षित गतिमा अगाडि बढेको छैन। नेपाली कांग्रेस र नेकपा एमालेका बीचमा समझदारी भए कुनै पनि विधेयक अगाडि बढाउन सरकारलाई संसद्मा सहजै बहुमत पुग्छ। तर दुई दलका असहमतिले कैयन विधेयक संसद्मै बन्धक बन्न पुगेका हुन्।

## जान'को...

'जान'का अध्यक्ष डा. रामचन्द्र भुसालले मन्त्रालयको पत्र पाएपछि परीक्षा सञ्चालन सम्बन्धमा छलफल भइरहेको र यथाशक्य छिटो परीक्षा सञ्चालन गर्ने तयारी रहेको मध्यान्ह दैनिकलाई बताए।

आइतबार न्यायाधीशद्वय हरिप्रसाद फुयाल र नित्यानन्द पाण्डेयको इजलासले वैदेशिक रोजगार क्षेत्रका लागि महत्वपूर्ण मानिएको रिटमा अन्तरिम आदेश जारी नहुने आदेश जारी गरेको हो। परीक्षा रोक्न अन्तरिम आदेश जारी गर्न इन्कार गरेको इजलासले भाषा परीक्षाका लागि 'जान'ले लिने शुल्कका विषयमा वैदेशिक रोजगार बोर्डसँग लिखित जानकारी माग गरेको छ।

रिट निवेदनमा भाषा परीक्षाका नाममा विगत १५ वर्षदेखि अन्याय भएको र जापान जाने कामदारले जापानी भाषाको परीक्षा दिनुपर्ने व्यवस्था वैदेशिक रोजगार ऐनमा नरहेको निवेदकहरूले उल्लेख गरेका छन्।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभाग, नेपाल जाइका अल्मुनाई एसोसिएसन 'जान' समेतलाई विपक्षी बनाइएको उक्त रिटमा असार १७ गतेदेखि प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल पनि जोडिएको छ।

बोर्डबाट जानकारी गएपछि सर्वोच्च अदालतमा रिट पेसीमा चढ्ने छ। तर अन्तरिम आदेश नभएपछि रिटमा फैसला हुन समय लाग्ने आंकलन गरिएको छ।

## वैदेशिक...

मनोज महर्जन तथा कतार पठाउने प्रलोभन दिएर १० जनाबाट जनही ३ लाख ५० हजार रुपैयाँको दरले ठगी गरेको आरोपमा सोलुखुम्बुको माप्य दुधकोशी गाउँपालिका-४ घर भएका ३० वर्षीय सबिक राईलाई पक्राउ गरेको छ।

यस्तै क्रोएसिया पठाइदिन्छु भन्दै ८ लाख रुपैयाँ ठगी गरेको अरोपमा चितवनको राप्ती नगरपालिका-१ का ५३ वर्षीय प्रेमकृष्ण श्रेष्ठ र मलेसिया पठाइदिन्छु भन्दै एक जनाबाट ३ लाख ९९ हजार रुपैयाँ लिएर ठगी गरेको आरोपमा बाराको निजगढ नगरपालिका-१२ स्थायी घर भइ भक्तपुर बस्दै आएका रामबहादुर थिङलाई पनि पक्राउ गरिएको प्रहरीले जानकारी दिएको छ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक काजीकुमार आचार्यले पक्राउ परेका सबैलाई थप अनुसन्धानका लागि वैदेशिक रोजगार विभाग पठाइएको जानकारी दिए।

**Joshipur Rural Municipality**
**Water Sector Governance and Infrastructure Support Project**
**Project Implementation Unit**
**Joshipur, Kailali**

**INVITATION FOR BIDS**

**Date of Publication: 16th July, 2025**
**Funding Agency: The World Bank**
**Credit No.: 7132-NP**
**Invitation for Bids No: NP-DWSSM-484029-CW- RFB**

1. *Joshipur Rural Municipality, Project Implementation Unit Joshipur, Kailali* invites the Bids from eligible bidders for the Construction of Water Supply Project mentioned below under National Competitive Bidding.

| S. N. | Contract Identification Number | Description of Work | Bid Security (NRs) | Bid Document Price (NRs) | Remarks |
|---|---|---|---|---|---|
| 1. | NP-DWSSM-484029-CW- RFB | Construction of Lokhari(Simri) Water Supply Project in Joshipur Rural Municipality, Kailali. | 24,00,000/- | 10,000/- | Single Stage Double Envelope, Hard Copy Not Acceptable. |

2. Eligible Bidders may obtain further information of the Bidding Documents at the office of Water Sector Governance and Infrastructure Support Project (WaSGISP), Project Implementation Unit Joshipur, Kailali, Sudurpaschim Province, Nepal during office hours or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

**Project Manager**

CS CamScanner